# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ६) मुकामः बुटवल, साउन ०१ गते, २०७९ साल (संख्या ०५

## भाग १

### प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको सूचना

नेपालको संविधान बमोजिम लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७९ सालको ऐन नं ४

# खेलकुद विकास ऐन, २०७६ लाई संशोधन गर्न बनेको ऐन

**प्रस्तावना:** खेलकुद विकास ऐन, २०७६ मा सामयिक संशोधन गर्न वाञ्छनीय भएकोले,

लुम्बिनी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "खेलकुद विकास (पहिलो संशोधन) ऐन, २०७९" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **खेलकुद विकास ऐन, २०७६ को दफा ७ मा संशोधनः** (१) खेलकुद विकास ऐन, २०७६ को दफा ७ को उपदफा (४) मा रहेका "परिषद्को सिफारिसमा" भन्ने शब्दहरु झिकिएका छन्।

(२) उपदफा (५) पछि देहायको उपदफा (६) थप गरिएको छ।

"(६) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि प्रदेश सरकारले जुनसुकै बखत यस ऐनको दफा ३ को उपदफा (१) बमोजिम स्थापित भएको विद्यमान परिषद् विघटन गरी नयाँ परिषद् स्थापना गर्न सक्नेछ।"

३. **खारेजी र बचाउः** (१) "प्रदेश खेलकुद विकास (पहिलो संशोधन) अध्यादेश, २०७८" खारेज गरिएको छ।

(२) "प्रदेश खेलकुद विकास (पहिलो संशोधन) अध्यादेश, २०७८" बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

प्रमाणीकरण मितिः २०७९/०३/२७

**आज्ञाले**
**राजेन्द्र थापा**
**कानून सचिव**
**प्रदेश सरकार**



प्रकाशनः लुम्बिनी प्रदेश, आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय